# मनाङ ङिस्याङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हुम्दे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३


प.सं. ०७७।०७८
च. नं. :-

मिति : - २०७८।२।९

**मर्स्याङ्दी नदी तथा थोराङ खोला आपसपासका क्षेत्रवाट ढुङ्गा, गिट्टी वालुवाको संकलन दस्तुर सम्वन्धमा जारी गरिएको अत्यान्त जरुरी सूचना ।**

यस मनाङ ङिस्याङ गाउँपालिकाको वडा नं. ६ स्थित मर्स्याङ्दी नदी तथा थोराङ खोलाको ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन तथा संकलनको दस्तुर संकलन गर्न यस गाउँपालिकावाट मिति २०७७।१०।२६ र मिति २०७७।११।२८ मा पटक पटक वोलपत्र आव्हान गर्दा पनि उक्त प्याकेजहरुमा कुनै पनि वोलपत्र पर्न नआएको र स्थानीय विकास निर्माणको कार्य गर्नका लागि निर्माण सामाग्री आवश्यक पर्ने भएकोले उक्त स्थानवाट ढुङ्गा, गिटि वालुवाको संकलन गर्नका लागि चालु आ.व. को वाँकी अवधिका लागि गण्डकी प्रदेश सभाले पारित गरेको दरमा उक्त स्थानवाट संकलन हुने ढुङ्गा, गिट्टी वालुवाको तपसिल वमोजिमको प्रति ट्रिपको पटके दस्तुर यस गाउँपालिका वडा नं. ६ को वडा कार्यालयमा जम्मा गरी मात्र उक्त क्षेत्रवाट ढुङ्गा, गिट्टी, वालुवा संकलन गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ । सो वमोजिमको पटके दस्तुर तिरेको रसिद विना संकलन तथा ओसार पसार गरेको पाईएमा कानून वमोजिम कारवाही हुने व्याहोरा सूचित गरिन्छ ।

**तपसिल**

ढुङ्गा, गिट्टी, वालुवाकाको प्रदेश सरकारले तोकेको दर :- रु ७ प्रति घनफिट

२.५ घनमिटरको ट्र्याक्टरको प्रति ट्रिप हुन आउने न्युनतम दस्तुर :- रु ६५०

३ घनमिटरको ट्रिपरको प्रति ट्रिपको हुन आउने न्युनतम दस्तुर :- रु ७५०

५ घनमिटरको ट्रिपरको प्रति ट्रिपको हुन आउने न्युनतम दस्तुर :- रु १२५०

२०७८।२।९

प्रमुख प्रशासकीय अधिकृत


Email: manangngisyangrmun@gmail.com

Website: www.nesyangmun.gov.np